**खोटेहाङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री कविता राईद्वारा प्रस्तुत चालु आ.व.को बजेट तथा कार्यक्रमको समीक्षा र आगामी आ.व. २०७५/७६ को लागि आय तथा व्ययको अनुमानित विवरण**

खोटेहाङ गाउँपालिकाको गाउँसभाको चौथो बैठक तथा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७५/७६ को लागि आम्दानी तथा खर्चको अनुमानित विवरण सार्वजनिकीकरण समारोहका सभाध्यक्षज्यू,

हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरेर पाल्नुभएका प्रमुख अतिथि प्रतिनिधीसभा सदस्य माननीय विसाल भट्टराईज्यू,

विशेष अतिथिज्यूहरु, अथितिको रुपमा पाल्नुभएका स्थानीय तहमा कृयाशील विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, क्याम्पस प्रमुखज्यूहरु, विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु, शिक्षक मित्रहरु तथा गाउँसभाका सदस्यज्यूहरु, वडा सचिवज्यूहरु, गाउँकार्यपालिका कार्यालयका कर्मचारी मित्रहरु, पत्रकार साथीहरु तथा सुरक्षाकर्मी मित्रहरु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरेर पाल्नुभएकोमा यहाँहरु सबैलाई हार्दिक आभार व्यक्त गर्दछु । मुलुकमा संघीय शासन व्यवस्था लागु भई स्थानीय तहको चुनावको १ वर्षपछिको समयको सेरोफेरोमा हामी छौं । जनताको चाहाना बमोजिमको यस नयाँ र गर्विलो शासन व्यवस्थाका लागि विभिन्न चरणमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन आहूती दिने संपूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु ।

परिवर्तित शासन प्रणालीको यस अवधिपछि आम जनताको मनमा “के भयो त ?” भन्ने जिज्ञासा छ । यस जिज्ञासाभित्र फगत परिवर्तनको स्वरुप मात्र खोजिएको छैन, विगतको भन्दा “राम्रो” को अपेक्षा पनि छ । स्थानीय जनताको यही सामूहिक मनोभावलाई ध्यानमा राखेर नै हामीले विगत १ वर्षको सदुपयोग गऱ्यौं भन्न हामीलाई कुनै अप्ठ्यारो हुन्न । एक वर्षको अवधिमा हामी र हाम्रो कामलाई विभिन्न रुपमा र समयमा सहयोग, समन्वय र सहजीकरण गर्नुहुने सबैलाई हार्दिक आभार व्यक्त गर्दछौं ।

**चालु आ.व.को समीक्षा**

चालु आर्थिक वर्षमा वित्तीय समानीकरण अनुदान अन्तर्गत हाम्रो गाउँपालिकालाई प्राप्त रु. १८ करोड १४ लाख ९४ हजारबाट वडा स्तरीय र पालिका स्तरीय गरी जम्मा ३१० ओटा योजनाहरु छनौट गरिएका थिए । जस अन्तर्गत २९० ओटा अर्थात ९४.१६ प्रतिशत योजनाहरु संझौता भई कार्यान्वयन गरिए । कार्यान्वयन भएका मध्ये २ ओटा बाहेक सबै योजना फरफारक भए । २ ओटा एकीकृत सेवा केन्द्र भवन र ५ ओटा वडा कार्यालय भवनहरु समय र बजेटको अभावमा वहुवर्षे योजनाको रुपमा रहे ।

यस आ.व.मा वडा र पालिका स्तरीय गरी जम्मा ९५ ओटा सडकहरु निर्माणको लागि जम्मा ८ करोड १० लाख १५ हजार रकम खर्च भएको छ । त्यसैगरी १० ओटा नयाँ भवन निर्माण र १८ ओटा पुराना भवनहरु मर्मतको लागि २ करोड २२ लाख ६ हजार र विद्युत विस्तारमा १७ लाख ३० हजार खर्च भएको छ ।

यसै गरी १९ ओटा सिंचाइ योजनाको लागि २७ लाख २१ हजार र ३७ ओटा खानेपानी योजनाहरुको लागि ३९ लाख २१ हजार खर्च भएको छ । कार्यालय व्यवस्थापन अन्तर्गत इलेक्ट्रोनिक उपकरण खरिदमा २१ लाख, फर्निचर खरिद(वडा स्तरीय योजनामा परेका समेत) मा ३० लाख रुपैयाँ र सञ्चार र इन्टरनेट प्रणाली जडानमा रु १० लाख खर्च भएको छ ।

चालु आर्थिक वर्षमा विभिन्न समय र स्तरमा गरिएको प्रयासका बावजुद विद्युत विस्तार शीर्षकमा विनियोजन गरिएको रकमबाट विद्युत विस्तारको क्षेत्रमा काम हुन नसकेकोमा हामीलाई धेरै दु:ख लागेको छ । अनुभव, अभ्यास र सम्बन्धित निकायसँग समन्वयको कमीले उक्त काम हुन नसकेको हामी स्वीकार्दछौं । तर विद्युत विस्तारबाट सडक स्तरोन्नतिमा उक्त बजेटलाई रुपान्तरण गरी तयार भएका ८ मीटर र ६ मीटर फराकिला कच्ची नाली सहितका बाटो निर्माणले हामीलाई उत्तिकै खुसी पनि बनाएको छ । आगामी आर्थिक वर्षदेखि गाइघाट-दिक्तेल सडक खण्डमा पर्ने रसुवाबजारदेखि गाउँपालिकाको केन्द्र खोटाङबजारसम्म र रसुवा बजारदेखि भोजपुरको पान्धारेसम्म ठूला सार्वजनिक बस सेवा सञ्चालन गर्न कुनै समस्या पर्ने छैन । यसले खोटेहाङबासी जनताहरुमा न्यून शुल्कमा यात्रा गर्न सहयोग पुग्नेछ भन्ने हामीलाई विश्वास छ ।

योजना कार्यान्वयनका सन्दर्भमा अनुगमनको पाटो अर्को उपलब्धिपूर्ण कार्य ठहरियो । नियमित र वस्तुगत सूचकका आधारमा गरिएको अनुगमनले आगामी दिनमा खोटेहाङ गाउँपालिकाका बासिन्दामा

“सही र प्राविधिक इष्टिमेट बमोजिमको काम नगरी धर पाइन्न” भन्ने धारणा बसाउन सफल भएका छौं जुन हामी सबैको लागि खुसीको कुरा हो ।

चालु आ.व.मा असाध्यै थोरै रकमका अनगिन्ती योजनाहरु भएकोले कार्यान्वयनमा र प्रभावकारितामा समस्या भएको सबैले महसुस गऱ्यौं । धेरै योजनाको कारण सबैको नियमित र पर्याप्त

अनुगमनमा समय पनि पुगेन । यसै अवस्थालाई मध्यनजर गर्दै आगामी आ.व. को लागि सीमा नै तोकेर योजना संख्या न्यून गर्ने निर्णय गरियो । यस निर्णयले आगामी दिनमा विकासका कार्यमा थप प्रभावकारिता हाँसिल हुने विश्वास हामीले लिएका छौं ।

अब म यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०७५/७६ को आम्दानी तथा व्ययको अनुमानित विवरण प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको लागि संघीय सरकारबाट यस गाउँपालिकालाई वित्तीय समानिकरण अनुदान वापत रु. ८ करोड ६९ लाख, राजस्व बाँडफाँड अन्तर्गत रु. ६ करोड ४४ लाख २९ हजार र सशर्त अनुदान वापत रु. १४ करोड ३१ लाख गरी जम्मा २९ करोड ४४ लाख २९ हजार प्राप्त भएको छ । त्यसै गरी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान बापत रु. ३३ लाख २५ हजार प्राप्त भएको छ । गाउँपालिकाको आगामी आ.व.को लागि आन्तरिक आम्दानी रु. १६ लाख ९ हजार पाँच सय पचास अनुमान गरिएको छ । यसरी आगामी आ. व.को लागि कूल अनुमानित आय रकम रु. २९ करोड ९३ लाख ६३ हजार ५ सय पचास रहेको छ ।

सशर्त अनुदानको रकम कार्यक्रम सहित आएको हुँदा रकम प्राप्त भएपछि कार्यान्वयन गर्दा हुने भएकोले त्यसमा कुनै थप निर्णय गर्नु परेन । हाल चालु आ. व. को सञ्चित कोषमा कति रकम बाँकी रहन्छ भन्ने कुरा आर्थिक वर्ष नसकिएकोले रकम अनुमान गर्न गाह्रो भएको छ । प्रदेश सरकारबाट सवारी साधन कर बाँडफाँड शीर्षकमा थप केही रकम प्राप्त हुने कुरा आएको छ । सवारी साधन करबापत प्राप्त हुने उक्त रकम, आन्तरिक आम्दानीको अनुमानित रकम र यस आव मा हाम्रो स्थानीय सन्चित कोषमा बाँकी रहने रकमलाई जम्मा गरी कूल रकमबाट आगामी दिनमा कार्यक्रम सहितको पुरक बजेट ल्याउने निर्णय भएको छ ।

हाललाई चाँही संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान रकम र संघबाट प्राप्त राजस्व बाँडफाँड बापतको रकम गरी कूल रु. १५ करोड ४६ लाख ५४ हजार बराबरको रकमबाट कार्यक्रमहरु तय गरी कार्यान्वयनको लागि प्रस्ताव गरिएको छ ।

उपरोक्त रकमलाई चालु र पूँजीगत खर्च गरी निम्न बमोजिम छुट्याएको छु ।

**चालु खर्च**तर्फ कूल रकमको ३०.५ प्रतिशत रकम अर्थात रु. ४ करोड ७१ लाख ६३ हजार ५ सय र **पूँजिगत खर्च**तर्फ कूल रकमको ६९.५ प्रतिशत अर्थात १० करोड ७४ लाख ९० हजार ५ सय विनियोजन गरेको छु ।

**आदरणीय सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाले यस आर्थिक वर्षमा अवलम्बन गर्न लागेका केही महत्वपूर्ण कार्यक्रमहरुबारे प्रकाश पार्न चाहन्छु ।

१. सशर्त अनुदान बापत प्राप्त भएको रु. १४ करोड ३१ लाख शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु, उर्जा, महिला विकासको क्षेत्रमा केन्द्रबाटै शीर्षकगत रुपमा विनियोजन भई आएकोले त्यसलाई सम्बन्धित विषयगत कार्यालयसँग समन्वय गरी खर्च गरिनेछ ।

२. वित्तीय समानीकरण बापतको रकमको ३०.५% (४ करोड ७१ लाख ६३ हजार ५ सय) रकमलाई कार्यालय सञ्चालन खर्च र विविध प्रकारका तालिम र सीप विकास कार्यक्रमहरुको लागि चालु खर्चको रुपमा छुट्याएको छु । बाँकी रहेको ६९.५% अर्थात १० करोड ७४ लाख ९० हजार ५ सय रकमलाई शत प्रतिशत मानी त्यसको ४० प्रतिशत रकम वडाहरुको लागि र ६० प्रतिशत रकम गाउँपालिकाबाट सञ्चालन हुने पूँजिगत कार्यक्रमहरुको लागि विनियोजन गरिएको छ । वडाहरुले पाउने कूल रकमलाई पुनः सत् प्रतिशत मानी ४० प्रतिशत रकम दामासाहीले र ६० प्रतिशत रकम वडाको जनसंख्या र भूगोललाई आधार मानी समानुपातिक रुपमा विनियोजन गरिएको छ । संघीय तथा प्रदेश कानून, अन्य स्थानीय निकायले अवलम्बन गरेको अभ्यास, आगामी आर्थिक वर्षमा वडाहरुले सम्पादन गरेको कार्यको स्तर लगायत अन्य वस्तुगत आधारमा रहेर आगामी आ. व. हरुमा वडाहरुमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

३. हाम्रो जस्तो दूर्गम भूगोलमा सडकको अवस्था र यसको महत्वलाई ख्याल गर्दै यस आर्थिक वर्षको कार्यक्रमहरुमा सडकको ट्र्याक खोल्ने साथै हालको सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिइयो । यसबाट गाउँपालिकाका सबै वडा कार्यालयहरुसम्म सहज रुपमा बाह्रै महिना यातायात सेवा पुग्ने विश्वास गरिएको छ । आगामी आ. व. मा सडकको ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरी सडक स्तरोन्नति (विशेष गरी कच्ची नाली सहित)को लागि बढी रकम विनियोजन गरिएको छ ।

४. वडा नं. २, ३, ५, ७ र ९ मा निर्माणाधिन वडा कार्यालयहरुको काम आगामी आर्थिक वर्षमै सम्पन्न गर्नको लागि थप रकम विनियोजन गरेको छु । वडा नं ४ र वडा नं. ८ का वडा कार्यालयहरु निर्माणको लागि आगामी समयमा ल्याइने पुरक बजेटबाट रकम विनियोजन गरिनेछ ।

५. चालु आ.व. मा विद्युत विस्तारको क्षेत्रमा काम हुन नसकेको तथ्यलाई मनन गर्दै कार्यान्वयनका सहज र नियमसंगत उपायहरुको बेलैमा खोजी गरी आगामी आर्थिक वर्षमै मूल लाइन तथा शाखा लाइन मार्फत जनताको घरमा उज्यालो ल्याउन पर्याप्त रकम विनियोजन गरेको छु ।

७. वडा समितिहरुले आफ्नो वडाले पाएको रकम सिलिङबाट आफ्नो वडाभित्रका प्रायः सबै विद्यालयहरुको लागि सानै अंश भए पनि बजेट विनियोजन गरेका छन् । सशर्त अनुदानका विभिन्न शिर्षकहरुमा पनि शिक्षा विकासको क्षेत्रमा पर्याप्त रकम विनियोजन भएकै छ । गाउँपालिकाको तर्फबाट विद्यालयहरुको भौतिक अवस्था सुदृढीकरण, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुको पेशागत र शैक्षिक उन्नयनका लागि बजेट विनियोजन गरेको छु ।

८. खानेपानी सबैका लागि र सिंचाइ किसानका लागि आधारभूत आवश्यकता भएकोले खानेपानी र सिंचाइका क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु । साथै महिला, युवा, जनजाति, वृद्धवृद्धा, दलित, बालबालिका, पर्यटनका क्षेत्रमा पनि बजेट विनियोजन गरिएको छ । अध्यक्ष कप भलिबल प्रतियोगितालाई निरन्तरता दिंदै खेलकुदका अन्य कार्यक्रमहरु पनि सञ्चालन गरिनेछ ।

९. कृषि, वन, पशु विकासका क्षेत्रमा यस आर्थिक वर्षको अभ्यासलाई समीक्षा गरिसकिएको छ । आगामी आ.व. मा ती क्षेत्रहरुमा दिइने अनुदानलाई योगदानमा आधारित बनाइनेछ । उत्पादनमूलक र रोजगारीमूलक हुने गरी विभिन्न क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा विकसित गर्नको लागि आगामी आ.व.मा तीनओटै क्षेत्रमा केही रकम वृद्धि गर्दै कृषिमा रु. ५० लाख, पशु विकासमा रु.१० लाख र वनमा रु.१० लाख विनियोजन गरिएको छ ।

१०. योजना कार्यान्वयनमा रकमको दुरुपयोग र काममा हेलचेक्र्याईंको प्रवृति अन्त्यका लागि वडा र गाउँपालिका दुवै तहबाट कार्यान्वयनमा आउने सबै कार्यक्रमहरुको नियमित तथा वस्तुगत अनुगमन हुने र अनुगमनका क्रममा कैफियत भेटिएमा त्यस विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने चालु अभ्यासलाई निरन्तरता दिइने व्यहोरा समेत म यो सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा, धैर्यतापूर्वक कार्यक्रम तथा बजेट सुनिदिएर साथ दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दै बजेट तथा कार्यक्रमको नतिजामूलक कार्यान्वयन सबैको साथ र हातेमालोबाट मात्र संभव हुने कुरा स्मरण गराउँदै बिदा हुन चाहन्छु ।

धन्यवाद, नमस्कार ।

**कविता राई**

**उपाध्यक्ष तथा**

**बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक**